# स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४

# मैवाखोला गाँउपालिका, ताप्जेजुङ्ग

गाँउकार्यपालिकाबाट स्वीकृत मिति : २०७४।११।२५

**प्रस्तावनाः**

नेपालको संबिधानको अनुसुची ८ र ९ मा उल्लेख भएका सुची अर्न्तगतका विषयमा तथा कानुन बमोजिम स्थानीय तहबाट निर्माण गरिएका ऐन, कानुन, नियम निर्देशिका कार्यविधि आदि राजपत्रबाट प्रकाशन गर्नु पर्ने व्यवस्था भए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मैवाखोला गाँउपालिका, साँघु ताप्लेजुङ्गले स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४ बनाएको हो ।

१. नाम : यस कार्यविधिको नाम स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४ मैवाखोला गाँउपालिका रहने छ ।

२. परिभाषा : विषय प्रसंगले अर्को अर्थ नलागेमा,

क) "कार्यविधि" भन्नाले स्थानीय तह राजपत्र प्रकाशन कार्यविधि, २०७४ लाई बुझाउने छ ।

ख) "सम्पादक" भन्नाले स्थानीय तह राजपत्र प्रकाशान गर्न जिम्मेवारी तोकिएको अधिकारी लाई बुझाउने छ ।

ग) "प्रधान सम्पादक" भन्नाले स्थानीय तह राजपत्र सम्पादन गर्न अख्तियारी प्रदान गरिएको प्रमुख व्याक्ति लाई बुझाउने छ ।

घ) "सल्लाहकार" भन्नाले राजपत्र प्रकाशन गर्न विविध विषयमा सल्लाह दिन तोकिएको अधिकारीलाई बुझाउने छ ।

३. कार्यविधिको प्रारम्भः यो कार्यविधिको प्रारम्भ गाँउकार्यपालिकाको बैठकबाट पारित भई प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरेको मितिबाट लागु गरिने छ।

४. सम्पादकको योग्यताः राजपत्रको सम्पादनको कार्य जिम्मेवारी पुरा गर्न देहायको योग्यता भएको व्याक्ति सम्पादकको रुपमा नियुक्ति हुन सक्नेछ । जसको लागी प्रमुख प्रशासकीय अधिकृतको सिफरिसमा गाँउपालिकाको अध्यक्षले तोक्न सक्नेछ ।

क. कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भएको, अंग्रेजी र नेपालीमा शुद्ध टाइप गर्न सक्ने,

ख. कम्तीमा प्लस टु (१२ कक्षा) उत्तीर्ण भएको ।

ग. स्पष्ट दृष्टि (भिजन) भएको

घ. इमान्दार र नैतिकवान

५.प्रधान सम्पादक : स्थानीय राजपत्रको प्रधान सम्पादक प्रमुख प्रशासकीय अधिकृत रहनेछ ।

६. सल्लाहकार : राजपत्रको सल्लाहकारको रुपमा उपाध्यक्ष रहने छ । उपाध्यक्ष रहन इच्छुक नभएको अवस्थामा गाँउपालिकाको प्रमुखले गाँउकार्यपालिकाका सदस्यमध्ये बाट एक जना लाई तोक्न सक्ने छ ।

७. प्रमुख संरक्षकः राजपत्रको प्रमुख संरक्षकको रुपमा गाँउपालिकाको अध्यक्ष रहने छन् । राजपत्र प्रकाशान, वितरण र संरक्षणको दायित्व गाँउपालिका अध्यक्षको हुनेछ ।

८. राजपत्र प्रकाशन विधि र तरिका :

क. राजपत्र प्रकाशन स्थानीय तहको आधिककारिक पत्रिकाको रुपमा रहने छ ।

ख. यसमा प्रकाशन भएका विषय मैवाखोला गाँउपालिकाको आधिकारीक दस्तावेजको रुपमा रहने छ ।

ग. राजपत्र सामान्यतया ६।६ महिनामा प्रकाशन हुनेछ । विशेष परिस्थितिमा आवश्यकता अनुसार प्रशासन गर्न सकिने छ ।

९. राजपत्रको संरक्षण र प्रसारणः

क. राजपत्र स्थानीय सरकारको कानुनी पत्रिका हुनेछ । स्थानीय सरकारले तयार गरेका नियम, कानुन, निर्देशिका, कार्यविधिहरु यसमा प्रकाशन गरिनेछ । राजपत्र प्रकाशन भएको कुरा गाँउपालिकाले सर्वसाधारणको जानकारीको लागि विधिन्न सञ्चार माध्यमबाट प्रसारण गर्ने छ । जसका लाविग गाँउपालिकाको सुचना पाटी, इमेल, इन्टरनेट, प्रयोग गरिने छ ।

ख. प्रकाशन भएको राजपत्र जिल्ला समन्वय समिति, प्रदेश सभा र सङ्घीय संसदमा पठाइने छ ।

ग. प्रकाशित राजपत्रको प्रत्येक अंक फायल खडा गरि सुरक्षित साथ राख्ने व्यवस्था मिलाइने छ ।

१०. राजपत्रमा छपाई गर्न नपाइने विषयहरुः

क. कुनै प्रकारका व्यवसायिक विज्ञापनहरु

ख. लेख, रचना र सुचनाहरु

ग. माथि जुनसुकै कुरा लेखिएको भएता पनि गाँउ कार्यपालिकाले अनुसन्धान गरेका , गर्न लगाएका, विषय, सजाय, जरिवाना गरिएका विषयहरु छाप्न भने बाधा पर्ने छैन ।

११. छाप र लोगो: स्थानीय राजपत्रमा नेपाल सरकारले तोकेको स्थानीय तहको छाप र लोगो लाई नै प्रयोग गरिने छ ।

१२. मसीको रङको प्रयोग : स्थानीय राजपत्रमा छाप र लोगोमा रातो मसी र बाँकी छपाईका लागी कालो मसी प्रयोग गरिने छ ।

१३.कागजको प्रयोग : राजपत्र प्रकाशनमा सामान्यतय कागजको गुणस्तर तोकिने छैन । तर महत्वपुर्ण विषयको छपाई र तिनको दिर्घकालीन संरक्षणको दायित्व समेत लाई मध्यनजर गरि उच्च गुणस्तरको कागज प्रयोगमा ल्याउन सकिने छ ।

१४. शुल्क नलाग्ने : राजपत्र शुल्क लिएर विकी वितरण गरिने छैन । गाँउपालिका क्षेत्र भित्रका विषयगत कार्यालयमा निशुल्क वितरण गरिने छ । तर स्थानीय तहले निर्णय गरेका नीति नियम निर्देशिकाहरु आम जनता सम्म पुर्‍याउन गाँउपालिकाले अलग छपाई गरि शुल्क निर्धारण गरि वितरण गर्न बाधा पर्ने छैन ।